# थुलुङ दुधकोशी राजपत्र

## थुलुङ दुधकोशी गाउँपालिकाद्वारा प्रकाशित

## भाग-१

### सूचना ८

### थुलुङ दुधकोशी गाउँपालिकाको पूर्वाधार विकास तथा सेवा व्यवस्था (नियमित र व्यवस्थित) गर्ने सम्बन्धी ऐन, २०७५

प्रमाणिकरण मिति : २०७५/०३/१०

**प्रस्तावना :** थुलुङ दुधकोशी गाउँपालिका क्षेत्रभित्र रहेका पूर्वाधारलाई सहज आवागमन योग्य बनाउ, भवन निर्माण, वस्ती विकास तथा सहरी योजनालाई व्यवस्थित बनाउन, जलस्रोत तथा खानेपानीको दिगो व्यस्थापन गर्न, सार्वजनिक पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई सहभागी गराउँदै वातावरण अनुकूल विकास कार्यलाई गाउँपालिकाको कार्यपद्धतिको रुपमा स्थापित गर्न, प्रभावकारी अनुगमन व्यवस्थासहितको सहरी सेवालाई विधिसम्मत तथा गुणस्तरयुक्त बनाउन बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "पूर्वाधार विकास तथा सेवा व्यवस्था (नियमित र व्यवस्थित) गर्ने ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "कार्यपालिका" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ख) "खोला तथा खोल्सी" भन्नाले सार्वजनिक रुपमा नियमित तथा वर्षायाममा पानी वग्ने स्थानलाई सम्झनु पर्छ ।

(ग) "गोरेटो बाटो " भन्नाले परम्परागत रुपमा प्रयोग गर्ने नक्शामा भएको बाटो र परम्परागत रुपमा हिड्ने गरिएको तर नक्सामा नभएका गोरेटो बाटो समेतलाई सम्झनु पर्छ ।

(घ) "चक्रपथ" भन्नाले गाउँपालिकालाई परिक्रमा (रिङरोड) हुने गरी निर्माण हुने सडकलाई सम्झनु पर्छ ।

(ङ) "जलश्रोत" भन्नाले गाउँपालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ ।

(च) "टोलस्तरीय सडक" भन्नाले ० कि.मि. देखी १ कि.मि. सम्मको सडकलाई सम्झनु पर्छ ।

(छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) "धार्मिक तथा सांस्कृतिक क्षेत्रको सडक" भन्नाले मूल सडकदेखि धार्मिक तथा सांस्कृतिक क्षेत्रसम्मको पहुच मार्गलाई सम्झनु पर्छ ।

(झ) "पालिकास्तरीय सडक" भन्नाले गाउँपालिका र अन्य स्थानीय तहलाई जोड्ने सडकलाई सम्झनु पर्छ ।

(ञ) "अध्यक्ष" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ट) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ठ) "प्राकृतिक स्रोत" भन्नाले पानी, ढुङ्गा, बालुवा जंगल, खानी जस्ता प्रकृतिले दिएको स्रोतलाई सम्झनुपर्छ ।

(ड) "प्रादेशिक सडक" भन्नाले गाउँपालिका क्षेत्र भित्र निर्माण भएको प्रदेश मातहतको सडकलाई सम्झनु पर्छ ।

(ढ) "फासल" (Set Back) भन्नाले सडकको किनारबाट छोडिने जग्गा भन्ने सम्झनु पर्छ ।

(ण) "राजकुलो तथा कुलो" भन्नाले नक्सामा भएको र परम्परागत रुपमा चलिरहेको पानी बग्ने कुलो सम्झनु पर्छ ।

(त) "राष्ट्रिय राजमार्ग" भन्नाले गाउँपालिका क्षेत्रभित्र जोडिएका नेपाल सरकारले निर्माण गरेका राष्ट्रिय सडकलाई सम्झनु पर्छ ।

(थ) "वडास्तरीय सडक" भन्नाले वडा क्षेत्र भित्र रहेका १ कि.मि. देखी १० कि.मि. लम्बाई सम्मको सडकलाई सम्झनु पर्छ ।

(द) "शहरी सडक" भन्नाले बजार क्षेत्रभित्रका सडक भन्ने बुझिन्छ र यो शब्दले गाउँपालिकाद्वारा चार किल्ला तोकि शहरी सडक नामाकरण गरि निर्णय गरेका सडक समेतलाई सम्झनु पर्छ ।

(ध) "सडक सिमा" भन्नाले पालिका सडकको चौडाईलाई सम्झनु पर्छ ।

(न) "सडकको क्षेत्राधिकार" भन्नाले सडकको स्वामित्व भएको भूभागलाई सम्झनु पर्छ ।

(प) "सहायक सडक" भन्नाले मुख्य सडकबाट वस्तीसम्म जाने १ कि.मी मिटर सम्मको सडकलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## सडक क्षेत्रको वर्गिकरण, क्षेत्राधिकार र फासल

**३. सडकको क्षेत्राधिकार :** (१) सडकको क्षेत्राधिकार देहाय बमोजिम हुनेछ ।

(क) पालिका स्तरीयसडकको क्षेत्राधिकार (आर.ओ.डब्लु) ८ मिटर चौडा हुनेछ ।

(ख) वडास्तरीय सडकको क्षेत्राधिकार (राइट अफ वे) ६ मिटर चौडा हुनेछ ।

(ग) टोलस्तरीय सडकको क्षेत्राधिकार ४ मिटर चौडा हुनेछ ।

(घ) शहरी सडकको क्षेत्राधिकार ६ मीटर चौडा हुनेछ ।

(ङ) चक्रपथको क्षेत्राधिकार १० मिटर चौडा हुनेछ ।

(च) गोरेटो बाटो : मानिस र चौपाया हिड्ने वस्तीबाट घोडेटो मुलबाटो वा वस्ती सडक सम्म जोडिने अधिकतम १ किमी लम्बाईका सडकलाई गोरेटो बाटो भनिन्छ । यसको चौडाई कम्तीमा ३ फिटको हुने छ ।

(२) उपदफा (१) बमोजिमका सडकहरुको घुम्ति तथा मोडहरुमा ठूला सवारीहरुको आवागमन समेत मध्यनजर गरी निर्धारित चौडाई भन्दा ४० प्रतिशत बढी हुनेगरी निर्माण गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सडकको नामाकरण र क्षेत्राधिकार अनुसूची -१ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **सडकको फासल (सेट व्याक)** : (१) सडकको क्षेत्राधिकार देहाय बमोजिम छोड्नु पर्नेछ ।

(क) चक्रपथका फासल २ मिटर ।

(ख) पालिका स्तरीय सडकको फासल २ मिटर ।

(ग) शहरी सडकको फासल २ मिटर ।

(घ) वडास्तरीय सडकको फासल १.५ मिटर ।

(ङ) टोलस्तरीय सडकको फासल १.५ मिटर ।

(च) सहायक सडकको फासल १.५ मिटर ।

(छ) गोरेटो बाटोको फासल १.५ ।

(ज) खोला र खोल्सीको फासल प्राकृतिक बहावबाट देहाय बमोजिम हुनेछ :

१. मुख्य खोलाः २० मिटर

२. ठाडो खोलाः ३ मिटर

३. कुलो र खोल्सीः १.५ मिटर

(२) उपदफा (१) बमोजिम सडकको नामाकरण र फासल अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **धार्मिक तथा साँस्कृतिक क्षेत्रको सडकको क्षेत्राधिकार तथा फासल सम्वन्धी विशेष व्यवस्था :** धार्मिक तथा सास्कृतिक क्षेत्रको सडकको क्षेत्राधिकार तथा फासल सम्वन्धी व्यवस्था अनुसुची - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

६. **मुख्य सडकको क्षेत्राधिकार र फासल सम्वन्धी विशेष व्यवस्था :** (१) मुख्य सडक खण्डमा सडकको क्षेत्राधिकार भन्दा बाहिर २ मीटर र घुम्तीमा तीन मिटर फासल छोड्नु पर्नेछ ।

७. **व्यवसायिक संरचना निर्माण गर्दा छोड्नु पर्ने फासल सम्वन्धी विशेष व्यवस्था** : यो ऐन बमोजिम जुनसुकै वर्गिकणमा परेको सडक, गल्ली, खोल्साखोल्सी तथा राजकुलो वा कुलोको किनारमा व्यवसायिक प्रयोजनका लागि जस्तोसुकै संरचना निमार्ण गर्दा औद्योगिक प्रयोजनको लागि १६ मिटर, पेट्रोल पम्पको लागि ९ मिटर, शैक्षिक संस्थाको लागि ३ मिटर, पानीको मुहानबाट २० मिटर र अन्य व्यवसायिक प्रयोजनको लागि २ मिटर फासल छोड्नु पर्नेछ ।

## परिच्छेद २

## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

८. **स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुनेः** (१) गाउँपालिकाका क्षेत्रभित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसंग सम्बन्धित कार्य गर्नु गराउनु हुदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाकाले भवन निर्माण सम्बन्धी आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड तयार गरी लागू गर्नेछ ।

९. **भवनको दर्ता** : (१) गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ ।

१०. **भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था** : (१) गाउँपालिकाका क्षेत्रभित्र भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतिको लागि गाउँपालिका समक्ष दरखास्त दिंदा नक्सासाथ आर्किटेक्चरल र स्ट्रक्चरल डिजाइन समेत पेश गर्नु पर्नेछ ।

तर आर्किटेक्चरल र स्ट्रक्चरल डिजाइन नभएपनि नक्सापास गर्न मिल्ने भनी नेपाल सरकार वा कार्यपालिकाले तोकेको हकमा भने सोही बमोजिम हुनेछ ।

(२) भवन निर्माण गर्दा आवासीय भवनको हकमा २५० वर्ग मिटर सम्मको भवन बनाउँदा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ । सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोड्नु पर्दछ ।

तर गाउँपालिकाले व्यवसायिक वा व्यापारिक क्षेत्रको हकमा खाली छोड्नु पर्ने जग्गाको मापदण्ड बनाइ कार्यान्वयन गर्न सक्नेछ ।

११. **बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड :** (१) कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्र बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी छुट्टै मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको आधारमा गाउँपालिका भित्र कुनै व्यक्ति, समुदाय, संघसंस्था वा निकायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा विकास गरी बिक्री गर्ने उद्देश्यले बस्ती विकासको काम वा परियोजना सञ्चालन गर्न चाहेमा बस्ती विकासको विस्तृत कार्य योजनासहित अनुमतिको लागि निवेदन दिनु पर्दछ ।

(३) निर्माण हुने भवनहरुको वरिपरी-४ मा उल्लेख भएको क्षेत्र बाहेक अन्य क्षेत्रमा निम्न अनुसार खुल्ला छोड्नु पर्नेछ ।

(क) आवासीय भवन : १ मिटर

(ख) व्यापारिक र व्यवसायिक भवनः २ मिटर

(ग) शैक्षिक भवनः ३ मिटर

(घ) संस्थागत भवनः ३ मिटर

(ङ) सभा सम्मेलन र सामुदायिक भेला भवनः ६ मिटर

(च) औद्योगिक भवनः १२ मिटर

(छ) पेट्रोल पम्पः ९ मिटर

(४) यो मापदण्ड लागू हुनु अघि निर्माण भईसकेको पुराना भवनहरुको हकमा देहायको अवस्थामा गाउँपालिकाले तल्ला थप गर्ने अनुमति प्रदान गर्न सक्नेछ ।

(क) निर्माण भईसकेका भवन निर्माण गर्दा भवन निर्माण संहिताको पालना भएको,

(ख) सडकको क्षेत्र अधिकार र फासल छोडेर निर्माण भएको,

(ग) प्राविधिक जाँच गर्दा तल्ला थप गर्न उपयुक्त देखिने प्रतिवेदन पेश भएको,

(५) उपदफा (४) बमोजिम पुराना भवनमा तला थपको अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने अस्थायी संरचना हरेक दुई वर्षमा नविकरण गर्ने गरी भिलेखिकरण गर्न सकिनेछ ।

१२. **निर्माण निषेध गरिएको :** (१) गाउँपालिका क्षेत्रभित्र निजी, सामुदायिक वा संस्थागत रुपमा कुनै निर्माण गर्नु पर्दा देहायको कार्यलाई गर्न नपाउने गरी निषेध गरिएको छ ।

(क) नक्शापास नगरी कच्ची वा पक्की तथा अस्थायी वा स्थायी कुनै प्रकारको संरचना बनाउन,

(ख) कार्यालयबाट स्वीकृत नक्सा भन्दा फरक पारी तला, छत, भर्याङ, बलेनी, सटर आदि समेतका संरचना निर्माण गर्न,

(ग) मूल सडकबाट शाखा सडक खोल्दा पानीको निकास वा नाला अवरोध गर्न,

(घ) कार्यालयबाट स्वीकृति नलिई कुनै पनि बाटोको ट्र्याक खोल्न,

(ङ) कार्यालयको स्वीकृत बेगर सार्वजनिक स्थलमा कुनै प्रकारको संरचना निर्माण गर्न,

(च) कार्यालयको अनुमति नलिई पक्की सडक र ग्राभेल सडकको दायाँ बायाँ घरेडी निर्माण गर्न वा अन्य जुनसुकै प्रयोजनका लागि जग्गा खार्न वा सम्याउन,

(छ) आफ्नो घर कम्पाउण्ड, पसल वा व्यवसाय अगाडि सार्वजनिक जग्गा वा बाटोको क्षेत्राधिकार रहेको क्षेत्रमा कुनै पनि प्रकारको निर्माण सामग्री वा व्यवसायिक वा अन्य जुनसुकै प्रकृतिका सामग्री राख्न,

(ज) सार्वजनिक जग्गा अतिक्रमण गरी कुनै संरचना निर्माण गरी वा नगरी प्रयोग गर्न ।

(झ) गाउँ कार्यपालिकाको कार्यालयबाट अनुमति नलिई खोला र सडकको किनारा छेउछाउबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गर्न ।

(ञ) सार्वजनिक पूर्वाधारलाई नोक्सान पुग्ने गरी सार्वजनिक वा निजी जग्गामा रहेको बोट, विरुवा वा रुख कटान गर्न ।

(ट) दफा ४ को खण्ड (ज) बमोजिम प्रतिकूल हुने गरी विद्युत पोल बिस्तार गर्न ।

(ठ) सडकमा बनेको स्थायी संरचनाको स्वरुपलाई परिवर्तन गर्ने ढल निर्माण वा अन्य कुनै कार्य गर्न ।

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा, भत्काउँदा र त्यस्तो संरचनालाई पूर्ववत् अवस्थामा ल्याउँदा वा मर्मत सम्भार गर्दा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटी लिएर मात्र गाउँपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) को खण्ड (च) बमोजिम कार्यालयको अनुमति लिंदा प्राविधिकको निरिक्षण प्रतिवेदन बमोजिम रु. ५०,०००।- सम्म धरौटी राख्नु पर्नेछ ।

## परिच्छेद-४

## स्थानीय खानेपानी तथा सिंचाई व्यवस्थापन सम्बन्धी व्यवस्था

**१३. खानेपानी बोर्ड गठन गर्न सक्ने** : (१) गाउँपालिकाले गाउँपालिका क्षेत्रमा खानेपानी सेवा नियमित, व्यवस्थित र सुलभ बनाई भरपर्दो प्रदान गर्न गराउन पालिका तहमा खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ ।

(२) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एक भन्दा बढी खानेपानी आयोजनाहरु मार्फत ५०० भन्दा बढी घरधुरीलाई खानेपानी सेवा प्रवाह गरिरहेका संस्थाहरुको एकिकरण वा सम्मिलन गरी स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन् ।

(३) उपदफा (२) को प्रयोजनको लागि एक भन्दा बढी उपभोक्ता संस्थाहरुले त्यस्तो वोर्ड गठनका लागि गाउँपालिका समक्ष देहायका विवरणहरु सहित आवेदन पेश गर्नुपर्ने छ :-

(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको खानेपानी परिमाण,

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा सञ्चालन गर्नको लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र संस्थामार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(छ) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आबद्ध सम्पत्ति तथा दायित्व,

(ज) सञ्चालन तथा व्यवस्थापनका प्रस्तावित मोडेल

(४) उपदफा (३) बमोजिम परेका निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा गाउँपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ ।

(५) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

(६) बोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मतसम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य गर्ने सम्बन्धमा तोके बमोजिम हुनेछ ।

(७) उपदफा (२) र (३) बमोजिमको बोर्ड गठन गर्न तोकिए बमोजिमको मापदण्ड पूरा गर्न नसक्ने जलउपभोक्ता संस्थालाई साविककै हैसियतमा कामकाज गर्ने गरी गाउँपालिकाले व्यवस्था गर्नेछ ।

१४. **खानेपानी तथा सिंचाईको शुल्क निर्धारण**: गाउँपालिकाले दफा १३ बमोजिमको खानेपानीको महसुल निर्धारण एवं गाउँपालिकाबाट निर्माण तथा सञ्चालन वा गाउँपालिकालाई हस्तान्तरण भई आएका खानेपानी तथा सिंचाई योजनाको महसूल निर्धारण गर्नको लागि देहायका सदस्यहरु भएको महसूल निर्धारण समिति गठन गर्नेछ :-

(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) अध्यक्षले मनोनयन गरेको कार्यपालिका सदस्य १ जना -सदस्य

(घ) अध्यक्षले मनोनयन गरेको स्थानीय जल उपभोक्ता संस्थाहरुको प्रतिनिधि - सदस्य

(ङ) गाउँपालिकाको खानेपानी वा जलस्रोत शाखा सम्बद्ध प्रमुख -सदस्य

(च) गाउँपालिकाको राजश्व ईकाई प्रमुख -सदस्य सचिव

## परिच्छेद ५

## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

१५. **पूर्वाधार योजना तर्जुमा** : (१) कुनै व्यक्ति, समूह, संस्था वा निकायले गाउँपालिका क्षेत्रभित्र सामुदायिक वा सार्वजनिक प्रयोजनको लागि कुनैपनि पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्बन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरु

संचालन योजना तर्जुमा गरी गाउँ सभाबाट पारित नगराई कार्यान्वयन गर्न सक्ने छैन ।

(२) पूर्वाधार योजना तर्जुमाका क्रममा देहाय बमोजिमका कुराहरू उल्लेख गरी आयोजनाको विवरण तयार गर्नु पर्नेछ :-

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट लाभान्वित संख्या र लाभको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत

(घ) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप

(छ) आयोजनाको दिगोपनको योजना

**१६. लागत अनुमान तयार गर्नुपर्ने :** (१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि बजेट विनियोजन गर्नुपूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान प्रचलित कानून बमोजिम अधिकारप्राप्त अधिकारीबाट स्विकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ ।

**१७. पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन** : (१) गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने अनुसूची-४ मा उल्लेखित पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनका प्रक्रियाहरु प्रचलित कानून वा गाउँपालिकाबाट तोकिए बमोजिम सञ्चालन गरिनेछ ।

**१८. उपभोक्ता समिति मार्फत गर्न सकिने :** (१) रु. एक करोड सम्मका विकास निर्माणका कार्य गराउँदा सम्वन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिने छ ।

तर वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, सामुदायिक सुरक्षा, क्षमता विकास सम्बन्धी कार्य, पर्यटन प्रवर्द्धन, खानेपानी व्यवस्थापन, राष्टिय, प्रादेशिक अभियान प्रवर्द्धन जस्ता कार्य गराउँदा टोल सुधार समिति, व्यवस्थापन समिति जस्ता लाभान्वित परिवार समेटिने प्रकृतिका स्थायी समिति, संस्था जस्ता निकायबाट सम्पादन गर्न प्राथमिकता दिइनेछ ।

(२) सम्बन्धित आयोजना वा कार्यक्रम सञ्चालन गर्ने स्थानमा स्थायी प्रकृतिका समिति, संस्था जस्ता निकाय नरहेको अवस्थामा स्थानीय लाभान्वित समुदायहरु मध्येबाट ५ देखि ९ जना सम्म सदस्य रहेको उपभोक्ता समितिको गठन गरिने छ । यस्तो समितिमा न्यूनतम ३३ प्रतिशत महिला हुनुपर्ने छ ।

(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्ने समयको दोब्बर हुने छ । निर्माण सकिएपछि पनि योजना हस्तान्तरण भएको मितिदेखि १ बर्ष_ रेखदेख र मर्मत सम्भारको दायित्व सोही समितिले लिनु पर्नेछ । तोकिएको अवधिसम्म रेखदेख तथा मर्मत सम्भार गरेको आधारमा गाउँपालिकाबाट कुनै थप आर्थिक दायित्व व्यहोरिने छैन ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा २० प्रतिशत श्रम सहभागिता हुनेछ । नगद सहभागिता गर्ने उपभोक्ता समितिलाई प्राथमिकता दिइनेछ ।

(५) नगद सहभागिताको रकम सम्बन्धित उपभोक्ताहरुबाट उठाई समितिको खातामा जम्मा भएपछि मात्र गाउँपालिकाले पहिलो किस्ता निकासा गर्ने छ ।

(६) उपदफा (४) बमोजिमको नगद सहभागिता गर्ने उपभोक्ता समिति मध्ये पनि बढी नगद सहभागिता गर्ने उपभोक्ता समितिलाई प्राथमिकता दिइ कार्यक्रम सञ्चालन गरिनेछ ।

(७) गाउँपालिका वा वडास्तरमा सञ्चालन भएका पूर्वाधार सम्बन्धी योजनाहरुको मर्मत, संभार गर्ने दायित्व सम्बन्धित वडा कार्यालयको हुनेछ । एक आर्थिक वर्षमा कुनै काम सम्पन्न भएको विषयमा पर्याप्त कारण र आधार बाहेक पुनः सोही कार्य सम्पादन गर्न बजेटको व्यवस्था गरिने छैन ।

(८) यस दफामा उल्लेख भएदेखि बाहेक उपभोक्ता समिति गठन, संचालन गर्नुपर्ने अवधि, सम्पन्न गर्नुपर्ने अवधि, स्रोत परिचालन, हस्तान्तरण, सेवा शुल्क निर्धारण, मर्मत संभार, सेवा प्रवाहमा आंशिक वा पूर्ण बन्देज लगाउने शर्तको व्यवस्था जस्ता विषय तोकिए बमोजिम हुनेछ ।

**१९. "घ" वर्गको निर्माण व्यवसायी दर्ता गर्ने:** (१) गाउँपालिकाले योग्यता, मादण्ड पूरा गरेका गाउँपालिका क्षेत्रभित्रका "घ" वर्गका निर्माण व्यवसायीको दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय निर्माण व्यवसायी हुन ईच्छुक समूह वा व्यक्तिले व्यवसाय दर्ता गर्ने प्रयोजनको लागि गाउँपालिका कार्यालयमा आवेदन दिनु पर्नेछ ।

(३) उपदफा(२) बमोजिम उपयुक्त देखिएका निर्माण व्यवसायीलाई गाउँपालिकाले तोके बमोजिमको इजाजतपत्र दस्तु लिइ निर्माण कार्य गर्ने ईजाजत सहितको व्यवसाय दर्ताको प्रमाणपत्र प्रदान गर्ने छ ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्माण व्यवसाय दर्ताको अभिलेख वार्षिक रुपमा अद्यावधिक गराई राख्नु पर्नेछ ।

(५) “घ” वर्गको निर्माण व्यवसायी हुन गाउँपालिकाले तोके बमोजिमको योग्यता हुनुपर्ने छ ।

(६) गाउँपालिका कार्यालयले गाउँपालिकासँग काम गर्ने सवै वर्गका निर्माण व्यवसायीले गरेका कार्यहरु खुल्ने विवरण भएको परिचयपत्र (कार्ड) उपलब्ध गराउनेछ । गाउँपालिकाबाट ठेक्कापट्टामा सञ्चालन गरिने कार्यहरुको सम्झौता गर्नुपूर्व त्यस्तो कार्ड पेश गर्नु निर्माण व्यवसायीको कर्तव्य हुनेछ ।

(७) गाउँपालिकासँग सम्झौता भइ काम प्राप्त गर्ने निर्माण व्यवसायीले पाएको काम आफैंले सम्पन्न गर्नु पर्नेछ । गाउँपालिकाको पूर्व स्वीकृति नलिइ कुनै अन्य निर्माण व्यवसायीसँग उपकरार गर्न सकिने छैन । उचित र पर्याप्त कारण भएमा बाहेक उपकरारको सहमति दिइने छैन ।

२०. **पूर्वाधार मर्मत संभार कोषः** (१) गाउँपालिका भित्र रहेका गाउँपालिकास्तरीय पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत संभार गरी सेवा सुचारु गर्नको लागि पूर्वाधार मर्मत कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा गाउँपालिका वा प्रदेश सरकार वा संघीय सरकारबाट प्राप्त रकम, पूर्वाधार संरचनामा लगाइने शुल्क, दस्तुर, कर, तथा अन्य स्रोतबाट प्राप्त रकम जम्मा गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको मर्मत सम्भार कोष सञ्चालन गाउँपालिकाले बनाएको कार्यविधि अनुसार हुनेछ ।

## परिच्छेद-६

## पूर्वाधार अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था

२१. **पूर्वाधार सुपरिवेक्षण तथा अनुगमन समितिको गठन** :गाउँपालिका क्षेत्रभित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठूला आयोजना तथा गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुने १० लाख भन्दा माथि लागत हुने पूर्वाधार निर्माण एवं मर्मतसम्भार कार्यहरुको गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नका लागि गाउँपालिका स्तरमा एक पूर्वाधार सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरिनेछ ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका उपाध्यक्ष -संयोजक

(ख) गाउँपालिकाको पूर्वाधार विकास समितिको संयोजक -सदस्य

(ग) पूर्वाधारको मूख्य काम हुने वडाको वडाध्यक्ष -सदस्य

(घ) पूर्वाधार निर्माण सम्बन्धी ज्ञान भएका

कार्यपालिकाको महिला एक जना -सदस्य

(ङ) गाउँपालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख -सदस्य सचिव

**२२.समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) पूर्वाधार सुपरीवेक्षण तथा अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकायबाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरि सो बमोजिम अनुगमन पश्चात निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाईआवश्यक निर्देशन दिन सक्नेछ ।

(४) संघीय तथा प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे गाउँपालिकालाई सुझाव र सिफारिश गर्ने दायित्व समितिको हुनेछ ।

**२३. सहमति दिनुपर्ने :** गाउँपालिका आफैंले सञ्चालन गर्ने १० लाख माथि लागत भएका पूर्वाधारहरुको निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायी वा उपभोक्ता समिति मार्फत कार्यान्वयन भएको योजना तथा कार्यक्रमको फरफारक र त्यस्तो कार्यको अन्तिम भूक्तानी पूर्व अनुगमन समितिले गरेको प्रतिवेदन समावेश भएको हुनु पर्नेछ ।

**२४.कारबाहीको सिफारिस गर्न सक्ने :** गाउँपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायीकै लापरवाहीका कारण निर्धारित समयभित्रको प्रगति नदेखिएमा सुपरिवेक्षण तथा अनुगमन समितिको प्रतिवेदनका आधारमा आवश्यका ठहरिएमा गाउँपालिकाले सम्वन्धित निर्माण व्यवसायीलाई कारबाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो गाउँपालिका भित्र उक्त यवसायीलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि समितिले गाउँपालिकालाई सिफारिस गर्न सक्नेछ ।

**२५.कालो सूचीमा राख्ने** : (१) देहायको अवस्थामा गाउँपालिका कार्यालयले सवै प्रकारका निर्माण व्यवसायी वा उपभोक्ता समितिको पदाधिकारीलाई भविष्यमा निर्माण कार्य नदिने गरि कालो सूचीमा राख्न सक्नेछ :

(क) कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई संझौता गरेर ३ महिना सम्म काम शुरु नगरेमा,

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा

(च) अन्य यस्तै कुनै कसूर गरेमा

(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसूरको गाम्भिर्यताको आधारमा कालो सूचीको अवधी तोक्न सकिनेछ ।

**२६.प्राविधिक मूल्यांकन गर्नु पर्ने :** (१) गाउँपालिका भित्र निर्माण भएका केन्द्रिय तथा क्षेत्रीय भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्यांकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशाला वा साधनको व्यवस्थापन गर्न सकिनेछ ।

(३) गलत प्राविधिक लागत अनुमान तयार गर्ने, नाप जाँच गर्ने, मूल्यांकन गर्ने, सिफारिस गर्ने प्राविधिक कर्मचारीलाई भएको क्षतिको प्राविधिक जाँच गराई हानी नोक्सानी भएको ठहरिएमा विभागीय कारवाही गरिनेछ ।

## परिच्छेद ७

## सार्वजनिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन

**२७. निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने :** (१) यस ऐन बमोजिम गाउँपालिकाले कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनीसँग खानेपानी, विद्युत, सडक, सरसफाइ, शिक्षा, स्वास्थ्य लगायतका पूर्वाधारसँग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासँग साझोदारी गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्बन गरी निजी साझेदारसँग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाँड गर्नेगरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछ :-

(क) सञ्चालन तथा व्यवस्थापन : अधिकतम ५ वर्षका लागि

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण : ७ देखि १५ वर्षका लागि

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण : १५ देखि २० वर्षका लागि

(घ) लिज वा कन्सेसन : सम्झौतामा तोकिए वमोजिम वा अधिकतम २२ वर्ष ।

**२८.प्रस्ताव आव्हान गर्न सक्ने :** (१) गाउँपालिकाले दफा २७ बमोजिम पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि मनसायपत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा निजी ब्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोलि प्रस्ताव पेश गर्नु पर्दछ :-

(क) निर्माण गर्नु पर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) वित्तीय श्रोत

(ग) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(घ) कार्यान्वयनका विवरण

(ङ) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यूनीकरण गर्ने प्रस्तावित उपायहरु,

(च) परियोजनाको नक्सा तथा ड्रइङ, डिजाईनसहितको विस्तृत आयोजना प्रतिवेदन

(छ) प्रस्तावित शुल्क र करार अवधि

**२९. प्रस्ताव छनौट र संझौता** : (१) प्राप्त भएका प्रस्ताव उपर गाउँपालिकाले विज्ञ टोलीद्धारा तपसीलका आधारहरुमा मूल्यांकनका गराई प्रस्ताव छनोट गर्न सक्ने छ :

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर

(ख) प्रस्तावित निजी लगानी

(ग) सेवा शुल्क र रोयल्टी रकम

(घ) लिज अवधि

(ङ) प्रविधिको नौलोपन, स्थानीय रोजगारीको अवसर बृद्धि

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावकसँग गाउँपालिकाले अवधि किटान गरि साझेदारी सम्झौता गर्न सक्नेछ ।

(३) साझेदारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३०. संचालन तथा व्यवस्थापनः** (१) संझौता अवधिभरी पूर्वाधार संरचनाको संचालन तथा व्यवस्थापनको दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(२) मूल सम्झौतामा संशोधन हुन सक्ने छैन । सम्झौताको कुनै बुँदामा संशोधन गर्नु परेमा सोको कारणसहित एक पक्षले अर्को पक्षलाई कम्तीमा ६ महिना अगावै लिखित सूचना दिनु पर्नेछ । आवश्यकता तथा औचित्यताको आधारमा दुवै पक्षको सहमतिमा त्यस्तो संशोधन गर्नुपर्ने बुँदा हेरफेर वा संशोधन गर्न सकिनेछ ।

## परिच्छेद-८

## वातावरण, भूसंरक्षण, तथा वैकल्पीक ऊर्जा

**३१. वातावणीय प्रभाव मूल्यांकन सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले २ करोड वा सो भन्दा माथिका आयोजनाहरुको तोकिए बमोजिम वातावरणीय मूल्यांकन गराउनु पर्ने छ ।

(२) लागतको आधारमा रु. १० करोड भन्दा कम लागत भएका आयोजनाको वातावरणीय प्रतिवेदनको स्वीकृति गाउँपालिकाले गर्नेछ । यस्तो प्रतिवेदन स्वीकृति गाउँपालिकाले बनाएको प्राविधिक समितिको सिफारिसमा गरिनेछ ।

(३) वातावरणीय परीक्षण प्रतिवेदन स्विकृत गर्नुपूर्व गाउँपालिकाले १५ दिनको सार्वजनिक सूचना मार्फत त्यस प्रतिवेदन उपर पालिकावासी तथा सरोकारवालाको राय सुझाव माग गर्नु पर्नेछ ।

(४) निजी सेवा प्रदायक वा कम्पनी वा संस्थाबाट पर्यावरणीय तथा सामाजिक लागत न्यूनीकरण उपायहरु अन्तर्गत छुट्याइएको रकम एकमुष्ठ वा आवश्यकतानुसार गाउँपालिकाको कोषमा वा गाउँपालिकाले तोकिदिएको कोषमा जम्मा गर्नुपर्नेछ । गाउँपालिका यस्तो रकम प्रभावित क्षेत्रको वर्गीकरण गरी परिचालन गर्नुपर्नेछ ।

**३२. बैकल्पिक ऊर्जालाई प्रोत्साहनः** (१) गाउँपालिकाले पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रोत्साहन गर्नेछ ।

(२) कसैले निजी घर, संस्था वा निकायमा सोलार, वायोग्याँस, सुधारिएको चुल्हो लगायतका वैकल्पीक उर्जा जडान गर्नुअघि वडा कार्यालय मार्फत वा सिधै गाउँपालिकामा जानकारी गराउनु पर्ने छ । यसरी जानकारी नगराएमा

गाउँपालिका, प्रदेश वा संघीय सरकारबाट पाउने अनुदान वा सहयोग दिइने छैन ।

(३) वैकल्पीक ऊर्जालाई प्रवर्द्धन गर्ने अन्य व्यवस्था र सो सम्बन्धी मापदण्ड र कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**३३. भूक्षय नियन्त्रण सम्वन्धी कार्य गर्न सक्ने:** (१) गाउँपालिकाले भूक्षय भएको सार्वजनिक पाखो, खोला किनार वा सडक किनारामा भूक्षय नियन्त्रणका लागि वृक्षारोपण लगायतका अन्य आवश्यक कार्य गर्न स्थानीय समुदाय वा टोल सुधार समितिलाई अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न सम्बन्धित क्षेत्रका समुदाय वा टोल सुधार समितिले स्थान तोकी गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको स्थान तोक्दा व्यक्तिले चर्चेको जमीन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुर्‍याउने खालको जमीनको सिफारिश गर्नु हुँदैन ।

(४) उपदफा (२) बमोजिमको स्थान उपयुक्त देखिएमा अधिकतम १० वर्षका लागि त्यस्तो स्थानमा वृक्षारोपण र उक्त स्थानको विकास गर्ने गरी अनुमति प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधि भुक्तान भएपछि त्यस्तो सार्वजनिक क्षेत्रको व्यवस्थापन गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**३४. फोहरमैला तथा फोहरपानी व्यवस्थापन:** (१) गाउँपालिकाले गाउँ क्षेत्रभित्र उत्सर्जन हुने ठोस तथा तरल फोहरलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना बनाइ कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको फोहरमैला व्यवस्थापन गर्ने प्रयोजनको लागि गाउँपालिकाले अन्य स्थानीय तहसँग समन्वय गर्न सक्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) र (२) बमोजिमको कार्य गर्न दुई वा सो भन्दा बढी स्थानीय तहबीच सहमति भएका कार्यढाँचा बमोजिम साझेदारीका काम गर्न बाधा परेको मानिने छैन ।

## परिच्छेद-९

## जलस्रोतको संरक्षण र उपयोग

**३५.जलश्रोतको उपयोग :** (१) गाउँपालिका क्षेत्रभित्र रहेको प्राकृतिक स्रोत र पानीको मूल तथा पानीको जुनसुकै स्रोतमा कसैको निजी स्वामित्व हुने छैन । कसैले पनि यस्तो स्रोतको एकलौटी प्रयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम मूल वा अन्य स्रोतबाट प्राप्त पानी आफूलाई चाहिने बाहेक सार्वजनिक प्रयोगका लागि बन्देज गर्न पाइने छैन ।

(३) यस दफा बमोजिम सार्वजनिक प्रयोजनका लागि जलश्रोतको उपयोग गर्दा परम्परादेखि निजले प्रयोग गरी आएको जमिनको उपयोगलाई प्रतिकूल प्रभाव पर्ने गरी प्रयोग गरिने छैन ।

(४) गाउपालिका भित्र रहेका भूमिगत वा सतही जलश्रोतको अनधिकृत प्रयोगलाई निषेध गरी सो को संरक्षण गर्ने दायित्व पालिकाको हुनेछ ।

(५) जलश्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिइने छ :-

(क) पिउने पानी, निजी तथा पारिवारीक सरसफाइ

(ख) सिँचाई

(ग) पानी घट्ट, औद्योगिक वा निर्माण प्रयोजन

(घ) जलविद्युत

(ङ) जल पर्यटन  लगायत अन्य

(६) गाउँपालिका क्षेत्रभित्र रहेका पानीको मुहान वा श्रोतको समूचित उपयोग गर्ने अधिकार गाउँपालिकालाई हुनेछ । मुहानको सम्बन्धी विवादको निर्णय गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

**३६.अनुमति लिनु पर्ने** : (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलश्रोतको उपयोग गर्ने छैन् :

(क) सार्वजनिक वा समूहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) सामूहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरंजनात्मक क्रियाकलाप सञ्चालन गर्न ,

(ङ) व्यवसायिक रुपमा माईक्रो हाईड्रो, पानी घट्ट सञ्चालन गर्ने,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न ।

(२) जलश्रोतको सामूहिक लाभ, व्यवसायिक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए वमोजिमका क्रियाकलाप गर्न गाउँपालिकाको अनुमति लिनु पर्दछ । यस्तो अनुमति सम्बन्धी व्यवस्था गाउँपालिकाले तोके बमाजिम हुनेछ ।

(३) सो सम्बन्धी प्रयोजनका लागि आवश्यक परेमा सामुदायिक उपयोगका लागि उपभोक्ता संस्था मार्फत र व्यवसायिक उपयोगका लागि दर्तावाला कम्पनीले गाउँपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन दिनु पर्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार वा प्रदेश सरकारको जलश्रोतको उपयोग सम्बन्धी राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता प्राप्त आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

**३७. पानी, सिंचाई जस्ता जलस्रोतको सामुदायिक लाभ व्यवस्थापन** : (१) गाउँपालिका क्षेत्रभित्र खानेपानी, सिँचाई, पानी घट्टा, लघु जलविद्युत् र ताल पोखरीको लागि जलस्रोत उपयोग गर्नु परेमा सम्वन्धित क्षेत्रका उपभोक्ताहरु मिली जल उपभोक्ता संस्थाको गठन गरेर गाउँपालिकासँग अनुमति लिएर मात्र निर्माण र सञ्चालन गर्नुपर्ने छ ।

(२) यस ऐन तर्जुमा हुनुअघि नै संस्थागत रुपमा कुनै समूह वा संस्थाले उपयोग गरी आएको जलश्रोतलाई यो ऐन पारित भएको ६ महिना भित्र गाउँपालिकामा दर्ता गराउनु पर्दछ ।

**३८. जल उपभोक्ता संस्थाको गठन** :(१) दफा ३८ बमोजिम गठन हुने उपभोक्ता संस्थामा ९ देखि १५ जना सदस्यहरु रहन सक्नेछन् । उपभोक्ता संस्थामा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्दछ ।

(२) यसरी गठन गर्न चाहने समूहले देहायको विवरणहरु सहित गाउँपालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनुपर्दछ :

(क) उपभोक्ता संस्थाको विधान

(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी गाउँपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ ।

(४) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला संस्था हुनेछ । एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्षको हुनेछ । अर्को पटकको

लागि ३ वर्षे म्याद सकिनु १५ दिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गर्नुपर्ने छ ।

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया विधानमा तोकिए वमोजिम हुने छ । यस संस्थाले वार्षिक लेखा परिक्षण र तिर्नुपर्ने कर फछ्र्यौट गर्नुपर्ने छ । गाउँपालिकाको आर्थिक ऐन र प्रदेश कानुनले तोके वमोजिमको जलस्रोत उपयोग कर तिर्नुपर्ने छ ।

(६) यसरी तोकिए वमोजिम विधि प्रक्रिया अवलम्वन नगरेमा गाउँपालिकाले उपभोक्ता संस्थाको दर्ता रद्द वा विघटन समेत गर्न सक्नेछ ।

**३९.जलस्रोतको व्यवसायिक उपयोगका लागि अनुमति लिनुपर्ने**: (१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, १ मेगावाट सम्मको जलविद्युत आयोजना लगायतका जलस्रोतको व्यवसायिक उपयोगका लागि सो को उपयोग गर्ने प्रोप्राइटर, कम्पनी वा संस्थाले गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा १ वमोजिम एक मेगावाट सम्मको जलविद्युत उत्पादन गर्नुपरेमा देहायका विवरणहरु खुलाई गाउँपालिकामा निवेदन दिनु पर्दछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संचरना समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,

(ङ) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत

(च) परियोजना सञ्चालनमा पर्ने वातावरणिय जोखिमहरु (वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन)

(३) उपदफा (२) बमोजिम परेको आवेदनमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले तीसदिनभित्र जलस्रोतको परिमाण, उपयोग अनुमतिको अवधि र वातावरणीय जोखिम न्यूनीकरणका शर्तहरू तोकी आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्ने छ ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोपाइटर वा संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र अनुमति पत्रको लागि आवेदन दिनुपर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानुन बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि तोकिए बमोजिमको आवेदन दिनु पर्नेछ ।

## परिच्छेद-१०

## सहरी व्यवस्थापन सम्बन्धी

**४०. जथाभावी पार्किङ गर्न, हर्न बजाउन र तीव्र गतिमा सवारी साधन चलाउन नहुने :** (१) कसैले पनि गाउँपालिका क्षेत्रभित्र तोकिएको स्थानमा बाहेक अन्यत्र पार्किङ गर्न पाउने छैन ।

(२) नयाँ बन्ने व्यवसायिक सपिङ मल तथा होटेल तथा व्यवसाय सञ्चालन गर्नेले सडकको क्षेत्राधिकार बाहिर पार्किङ गराउने गरी भूमिगत पार्किङ स्थल वा अन्य पार्किङ स्थलको व्यवस्था गर्नु पर्नेछ ।

(३) गाउँपालिकाले आवश्यकता हेरी भैरहेका होटेल तथा व्यवसायहरुलाई भुइँ तला वा अन्यत्र निजी जग्गामा पार्किङको व्यवस्था मिलाउन आदेश दिन सक्नेछ ।

(४) गाउँपालिकाले सशुल्क पार्किङ क्षेत्रको व्यवस्था मिलाउन सक्नेछ ।

(५) गाउँपालिका क्षेत्रभित्र अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन पाइने छैन ।

(६) गाउँपालिका क्षेत्रभित्र प्रेशर हर्न निषेध गरिएको छ ।

(७) गाउँपालिका क्षेत्रभित्र तोकिएको गतिभन्दा बढी गतिमा सवारी साधन चलाउन पाइने छैन ।

**४१. सार्वजनिक स्थलमा धुमपान गर्न नपाइने :** (१) कसैले पनि गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा धुमपान गर्न पाउने छैन ।

(२) धुमपान उपलब्ध गराउने व्यवसायीले सो कार्यका लागि अरुलाई असर नपर्ने गरी अलग्गै धुमपान कक्षको व्यवस्था गर्नु पर्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र तोकिएको स्थल र समयभन्दा बाहेक मदिराजन्य सामग्रीको बिकी वितरण तथा प्रयोगलाई निषेध गरिएको छ ।

**४२. जथाभावी विज्ञापनजन्य साइनबोर्ड र सामग्री राख्न नपाइने :** (१) गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाको अनुमति नलिइ तोकिएको मादण्ड बाहिर रही जथाभावी विज्ञापनजन्य साइनबोर्ड वा सामग्री राख्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिम अनुमति लिई साइनबोर्ड, फ्लेक्स प्रिन्ट, डिस्प्ले बोर्ड वा अन्य विज्ञापनजन्य सामग्री राख्नु पर्दा बढीमा आफ्नो सटर वा पसल कवलको वारपार बढीमा दुई फिट चौडाई भएको राख्न सकिनेछ ।

(३) उपदफा (२) मा उल्लेख भएको भन्दा ठुलो साइजको विज्ञापनजन्य सामग्री राख्नु पर्ने पर्याप्त कारण भएमा गाउँपालिकाको अनुमति लिइ तोकिए बमोजिमको शुल्क तिरेर राख्न सकिनेछ ।

## परिच्छेद-११

## कसुर र दण्ड सजाय

**४३. कसुर र दण्ड सजाय :** (१) यो ऐन बमोजिमको फासल र गाउँपालिकाबाट स्वीकृत नक्सा भन्दा फरक पारी तला, छत, भर्याङ, बलेनी, सटर आदि समेतका संरचना निर्माण गरेमा त्यस्तो अनधिकृत निर्माणलाई अध्यक्षले जुनसुकै बखत भत्काउन आदेश दिनेछ । आदेशलाई अटेर गरी नभत्काएको खण्डमा अध्यक्षले भत्काई हटाउन लागेको खर्चमा पच्चीस प्रतिशत थप गरी सम्वन्धित व्यक्तिबाट असुल उपर गराउनेछ ।

(२) मूल सडकबाट शाखा सडक तर्फ व्यक्ति वा उपभोक्ता समितिले कुनै संरचना निर्माण गर्दा वा बाटो खोल्दा सडक र खोला, खोल्सी तथा नाला अवरुद्ध हुने गरी काम गर्न पाईने छैन । यस्तो कार्य गरेको पाइएमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित व्यक्ति वा उपभोक्ता समितिलाई सुधार गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेशको पालना भएको नपाइएमा अध्यक्षले मर्मत सुधार गर्दा लाग्ने खर्च र सो खर्चको थप २५ प्रतिशत जरिवाना सम्वन्धित व्यक्ति वा उपभोक्ता समितिबाट असुल उपर गराउनेछ ।

(३) गाउँपालिकाको स्वीकृत बेगर सार्वजनिक स्थल, सडकको दाँया बाँया कुनै पनि संरचना निर्माण गर्न पाईने छैन । त्यसरी निर्माण गरेमा त्यस्तो निर्माण भएको संरचनालाई अध्यक्षले जुनसुकै बखत भत्काउन आदेश दिनेछ । आदेशलाई अटेर गरी नभत्काएको खण्डमा गाउँपालिकाले भत्काई भत्काउँदा र हटाउन लागेको खर्च र सो खर्चको थप पच्चीस प्रतिशत जरिवाना सहित सम्वन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

(४) गाउँपालिकाले तोकेको क्षेत्रबाहिर पार्किङ गर्नेलाई अध्यक्षले रु. दुई सय देखि रु. एक हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(५) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाइएको पाइएमा अध्यक्षले रु. एक सय देखि रु. पाँच सय सम्म जरिवाना गर्नेछ ।

(६) कसैले प्रेशर हर्न बजाएको पाइएमा अध्यक्षले रु. पाँच सय देखि रु. एक हजारसम्म जरिवाना गरी प्रेशर हर्न जफत एव नष्ट गर्न सक्नेछ ।

(७) कसैले सार्वजनिक स्थलमा धुम्रपान गरेको पाइएमा पहिलो पटकलाई सचेत गराउने कार्य गरिनेछ, दोस्रो पटकलाई अध्यक्षले एक सय रुपैयाँ जरिवाना गर्ने र त्यसपछि पटकै पिच्छे दुई सय रुपैयाँ थप्दै जाने गरी जरिवाना गर्न सक्नेछ ।

(८) यो ऐन प्रारम्भ हुनु अघि कसैले दफा ४३ मा तोकेको मापदण्ड प्रतिकूल विज्ञापनजन्य सामग्री राखेको पाइएमा अध्यक्षले हटाउन आदेश दिनेछ । यसरी दिइएको आदेश अटेर गरेको पाइएमा त्यस्तो विज्ञापनजन्य सामग्री हटाउन लगाई हटाउन लागेको खर्च भराउनुका साथै बढिमा पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने छ ।

४४. **पुनरावेदन गर्न सक्ने :** दफा ४३ को उपदफा (१), (३), (४), (५), (६), (७) र (८) बमोजिमको सजाय उपर चित्त नबुझेमा सम्बन्धित व्यक्ति, संस्था वा निकायले कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ । दफा को उपदफा (२) बमोजिम को सजायको निर्णय उपर अध्यक्ष समक्ष पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-१२

## विविध

४५. **पुरस्कार सम्बन्धी व्यवस्थाः** तोकिएको समयावधि भन्दा पहिले निर्माण सम्पन्न गर्ने उपभोक्ता समिति वा निर्माण व्यवसायीलाई गाउँपालिकाले पुरस्कार वा सम्मान प्रदान गर्नेछ ।

४६. **अन्तर स्थानीय समन्वय :** गाउँपालिका र अन्य स्थानीय तह जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि गाउँकार्यपालिकाबाट निर्णय गरी कार्यान्वयन गर्नु पर्नेछ ।

४७. **गाउँपालिकाले आफ्नो सवारी साधन र निर्माण सामाग्री प्रयोग गर्न सक्ने :** गाउँपालिका क्षेत्रभित्र रहेका सडकहरुको निर्माण, मर्मत सम्भार, बिस्तार र स्तरोन्नति तथा खोल्सा-खाल्सी, राजकुलो एवं कुलोको संरक्षणका लागि गाउँपालिकाले कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्नेछ । गाउँपालिकाले आफनो निर्माण सामाग्री र सवारी साधन प्रयोग गरी कुनै सार्वजनिक निर्माण वा मर्मत गर्न सक्नेछ । यसरी निर्माण वा मर्मत सम्भार गर्दा मापदण्ड बनाई गर्नुपर्नेछ ।

४८. **सडक तथा बाटो सम्बन्धी विशेष व्यवस्था** : परामपरागत रुपमा प्रयोग हुँदै आएका चलनचल्तीमा रहेका तर नापी नक्शामा उल्लेख नभएका बाटा तथा गोरेटोहरुलाई औचित्यताका आधारमा गाउँपालिकाले कायम गराउन सक्नेछ ।

४९. **अधिकार प्रत्यायोजन :** यस ऐनमा छुट भएका सडक, गल्ली वा कुलोका सम्वन्धमा कार्यपालिकाले निर्णय गरी क्षेत्राधिकार तथा फासल तोक्न सक्नेछ ।

५०. **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

५१. **नियम वनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

५२. **बचाऊः** (१) यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी कार्यपालिकाबाट छुट्टै मापदण्ड नबनेसम्मका लागि साविक गाउँ परिषद्बाट निर्माण भएको मापदण्ड यो ऐनसँग नबाझिएको हदसम्म यसै ऐन बमोजिम निर्माण भएको मानिनेछ ।

## अनुसूची-१

**(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)**

**पुराना तथा घना आवासीय क्षेत्र**

१. नेले रोक्ति देउसा मुख्य सडक क्षेत्र

२. नेले गाउँपालिका सडक क्षेत्र

३. प्रत्येक वडाबाट गाउँपालिका केन्द्र जोड्ने सडक क्षेत्र

## अनुसूची-२

थुलुङ दुधकोशी गाउँपालिका क्षेत्रभित्र रहेको सडकहरुको विवरण

**गाउँपालिका स्तरीय सडक**

| क्र.सं. | सडकको नाम | सम्वन्धित वडा नं. | सडकको शुरु र अन्तिम विन्दु | सडकको क्षेत्राधिकार (केन्द्ररेखा बाट) | फासल दायाँ/वायाँ | |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | भित्तेखोला, नेले, वुडिडाँडा, दिप्ली सडक | १, ६,७ र ८ | भित्तेखोला देखि दिप्ली | ऐनको परिच्छेद-२ दफा ३ मा तोकिए बमोजिम हुने | ऐनको परिच्छेद-२ दफा ४ मा तोकिए बमोजिम हुने | |
| २ | खिसालोक, चारघरे दलित वस्ती गा.पा. कार्यालय, वर्खुघाट, दुधकोशी, जालपा आ.वि, सुके मामुरे हुदै खोटाङ | ६, ५, र ९ | मुक्ली देखि लोखिम | | | |
| ३ | सेसेल्मु, पन्चन पोखरी डाँडा, काँगेल, मुक्ली, देउसा आमरास हुदै माप्य जोड्ने | ३, २, ६, ७ र ८ | पन्चन सेसेल्मु देखि आमरास | | | |
| ४ | तुम्से, देविथान, वोजेपानी, राईगाउँ, तिलखोरिया, वाहुन्डी, वातिम, जुबु गुरुङगाउँ, विरजुडाँडा हुदै खोटाङ | १, २, ४ | तुम्से देखि विरजुडाँडा | | | |
| ५ | काँगेल देविथान, सिमखर्क, रुकुरा, मुक्ली मा.वि. वाँसवोटे जुँगेल | २, १ र ६ | काँगेल देविथान देखि जुँगेल | | | |
| ६ | विरजुडाँडा सुके सडक | ४ र ५ | विरजुडाँडा सुके | | | |
| ७ | नेले घुर्मिसे कागते घुम्नेपानी झरेनी सडक | १, ६ र ७ | नेले वजार देखि झरेनी | ऐनको परिच्छेद-२ दफा ३ मा तोकिए बमोजिम हुने | ऐनको परिच्छेद-२ दफा ४ मा तोकिए बमोजिम हुने | |
| ८ | ज्यामिरे राम्चे बर्खुघाट सडक | ४ र ५ | ज्यामिरे बर्खुघाट सडक | | | |
| ९ | सुके पोखरी, जनसेवा, जनता मा.वि. बेसी हुँगा खाला हुदै पावै | ५, ९ | सुके पावै | | | |
| १० | देउराली, करिमा, चित्रे सोताङ | ९ | देउराली चित्रे सोताङ | | | |
| ११ | पन्चन भञ्ज्याङ, फुपै डाँडा दुधकोशी हुदै खोटाङ | ३ | पन्चन भञ्ज्याङ, दुधकोशी हुदै खोटाङ | | | |

**वडा स्तरीय सडक**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | माथिल्लो जोगारा, वि.क.टोल, सुनुवार टोल, वस्नेत टोल, धनेश्वर हुदै देविस्थान जोड्ने सडक | १ | माथिल्लो जोगारा देविस्थान | ऐनको परिच्छेद-२ दफा ३ मा तोकिए बमोजिम हुने | ऐनको परिच्छेद-२ दफा ४ मा तोकिए बमोजिम हुने | |
| २ | सुनुवार टोल, गार्मा जोगारा हुदै तिङला सडक | १ | सुनुवार टोलै, तिङला | | | |
| ३ | जोगाराटार, आहाले हुदै सो.दे.पा. सडक | १ | जोगारा देखि आले | | | |
| ४ | नेले वजार, रुकुरा सडक | १ | नेले वजार रुकुरा | | | |
| ५ | गैरी वोगल देविथान सडक | २ | देविथान गैरी वोगल | | | |
| ६ | पालुटोल सडक | २ | | | | |
| ७ | तिलखोरीया माथिल्लो वाहुन्डी नेवारे दम्कु | २ | तिलखोरीया दम्कु | | | |
| ८ | वोझेपानी दम्कु | २ | वोझेपानी दम्कु | | | |
| ९ | नाकपोखरी टोल सडक | २ | | | | |
| १० | ठुलढुंगा, पंचन, भोर्लेनी सडक | ३ | ठुलढुंगा भोर्लेनी | | | |
| ११ | पंचन, विदेशिटार, सिम च्युर्पूघाट सडक | ३ | पंचन च्युर्पुघाट | | | |
| १२ | फुपैडा, फेदी खामसेकु, दुधकोशी सडक | ३ | फुपैडा दुधकोशी | | | |
| १३ | च्युर्पुघाट खरिडाँडा रोल्युम फेदी भोर्लेनी ढाँडेखोला सडक | ३ | च्युर्पुघाट ढाँडेखोला | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | सेसेल्मु सोलुखोला नयाँपुल सडक | ३ | सेसेल्मु नयाँपुल सडक | | | |
| १५ | पैराथाम पोखरी फलाटे पैराथाम आ.वि. सडक | ३ | पैराथाम पोखरी पैराथाम आ.वि. | | | |
| १६ | फुपैडा, चिउरीखर्क, रोल्युम फेदी दुधकोशी सडक | ३ | फुपैडा, दुधकोशी | | | |
| १७ | विरजुडाँडा सुर्यदय आवि लाफ्ला र्‍याले चेमे सडक | ४ | विरजुडाँडा चेमे | | | |
| १८ | बलंगाा कामीगाउँ सडक | ४ | बलंगाा कामीगाउँ | | | |
| १९ | बलंगाा खनियाखर्क सडक | ४ | बलंगाा खनियाखर्क | | | |
| २० | गुरुङ गाउँ चेमे भर्‍याङखोला सडक | ४ | गुरुङ गाउँ भर्‍याङखोला | | | |
| २१ | वडा कार्यालय दुधकोशी सडक | ५ | वडा कार्यालय दुधकोशी | | | |
| २२ | दाम्लि, दोरटोल वडा कार्यालय | ५ | दाम्लि वडा कार्यालय | | | |
| २३ | वडा कार्यालय मुहान खोला ठाँटी सडक | ५ | वडा कार्यालय ठाँटी | | | |
| २४ | टेकेप लुहारे जालपा आवि सडक | ५ | टेकेप जालपा आवि | | | |
| २५ | सुके पोखरी वौद्ध रुपाडमारे माम्रे देउराली | ५ | सुके पोखरी देउराली | ऐनको परिच्छेद-२ दफा ३ मा तोकिए बमोजिम हुने | | |
| २६ | लेकखर्क मैदेल वडा कार्यालय सडक | ६ | लेकखर्क वडा कार्यालय सडक | | | |
| २७ | एलाक्सी भोक्टेनी जुङगेल सडक | ६ | एलाक्सी जुङगेल | | | |
| २८ | मैदेल एलाक्सी सडक | ६ | मैदेल एलाक्सी | | ऐनको परिच्छेद-२ दफा ४ मा तोकिए बमोजिम हुने | |
| २९ | उर्लेनी मैदेल सडक | ६ | उर्लेनी मैदेल | | | |
| ३० | भिरकुना तमुसेवा घर मैदेल सडक | ६ | भिरकुना मैदेल | | | |
| ३१ | मुक्ली सोपु डाँडाखेत सडक | ६ | सोपु डाँडाखेत | | | |
| ३२ | भित्ताघर मुक्ली मा.वि सडक | ६ | भित्ताघर मुक्ली मा.वि | | | |
| ३३ | लक्ष्मी वैंक गा. पा. सडक | ६ | लक्ष्मी वैंक गा. पा. | | | |
| ३४ | याली डाँडा जोकु होमसाई सडक | ६ | याली डाँडा होमसाई | | | |
| ३५ | जोकु उर्नेली सडक | ६ | जोकु उर्नेली | | | |
| ३६ | चेल तोर्मासिक सडक | ६ | चेल तोर्मासिक | | | |
| ३७ | भलभुले, रोक्ती, जालिम हुदै वुडीडाँडा सडक | ७ | नाम्से देउसा मा.वि. | | | |
| ३८ | भुलभुले केसि टोल देउसा मा.वि.सडक | ७ | भुलभुले देउसा मा.वि. | | | |
| ३९ | वडा कार्यालय लुचि रिन्दापु खिलु चेराखु दुधकोशी सडक | ७ | वडा कार्यालय दुधकोशी | | | |
| ४० | भिरकुना, लुरुवा नाम्से लाकुरी डाँडा वडा कार्यालय सडक | ७ | लुरुवा लाकुरी डाँडा | | | |
| ४१ | बर्माघुम्ती कालिका आवि. हुदै दिप्ली सडक | ८ | बर्माघुम्ती दिप्ली | | | |
| ४२ | क्लेम्पी सन्तोषि भवन, वर्माघुम्ती सडक | ८ | क्लेम्पी वर्माघुम्ती | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४३ | मासेप, वोर्कु फुर्के मासेप सडक | ८ | मासेप मासेप सडक | | | |
| ४४ | देउसा सेती आहाल आमरास सडक | ८ | सेती आहाल आमरास | ऐनको परिच्छेद-२ दफा ३ मा तोकिए बमोजिम हुने | ऐनको परिच्छेद-२ दफा ४ मा तोकिए बमोजिम हुने | |
| ४५ | वुडिडाँडा, सिजेर हेलिप्याड सडक | | वुडिडाँडा हेलिप्याड | | | |
| ४६ | जनसेवा मा.वि. छिवा सडक | ९ | जनसेवपा मा.वि. छिवा | | | |
| ४७ | जनसेवा खार्दा मुलखर्क | ९ | जनसेवा मुलखर्क | | | |
| ४८ | मुलखर्क फेदी चिर्कु | ९ | मुलखर्क चिर्कु | | | |
| ४९ | लमु डाँडा वडा कार्यालय सडक | ९ | लमु डाँडा वडा कार्यालय सडक | | | |

आज्ञाले,
अबिलाल राई
प्रमुख प्रशासकीय अधिकृत